# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
प्रदेश नं. ५

प.सं.:- २०७७/०७८
च.नं. :-

फोन न.०८१-५४०००९


मिति: २०७७/०५/३१

**प्रेस विज्ञप्ति**

पत्रकार मित्रहरु,

प्रस्तुत विषय सम्बन्धमा केही दिन देखि नयाँ कोर्स नामको अनलाइनले पत्रकारिता आचारसंहिताको सामान्य मूल्य मान्यता र धर्मको समेत पालना नगरी कोहलपुर नगरपालिका विरुद्ध आम जनसमुदायमा दिगभ्रमित पार्ने खालका अनर्गल सामाचारहरु सम्प्रेशण गरेको पाइएकाले सर्वप्रथम कोहलपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको तर्फबाट त्यस्ता तथ्यहीन र भ्रामक समाचार प्रति खेद व्यक्त गर्दछौं।

नयाँ कोर्स नामको अनलाइनले भाद्र ३०, २०७७ मंगलबार **"लुटको स्वर्ग कोहलपुर नगरपालिका, राज्यकोषको चरम दोहन "** शीर्षकमा सम्प्रेशित समाचारमा उल्लेख गरिएको रकम सरकारी कामको प्रयोजनमा खटिगएको अवस्थामा जनप्रतिनिधि तथा कर्मचारीहरुले भ्रमण खर्च नियमावली २०६४ बमोजिम नियमानुसार पाउनु पर्ने दैनिक भ्रमण भत्ता (टि.ए.डि.ए.) वापतको भत्ता रकम हो, जुन आ.ब. २०७६/०७७ मा चैत्र ११ गते भन्दा *अघि (अर्थात कोभिडको कारण गरिएको लकडाउन भन्दा पहिलेको)* कोहलपुर नगरपालिकाको विभिन्न कामहरुको लागि फरक-फरक समयमा कामको आधार र आवश्यकता अनुसार विभिन्न जनप्रतिनिधि तथा कर्मचारीहरु संघीय मन्त्रालय, प्रदेश मन्त्रालय वा अन्य आवश्यक स्थान तथा निकायहरुमा जाँदा निजहरुले नियमानुसार पाउने भत्ताको विवरण हो। संख्या भन्ने कोलममा उल्लेख भएको नम्बर निज व्यक्तिले सो आ.ब. मा कामको लागि खटी गएको पटक हो। जुन जनप्रतिनिधि र कर्मचारीहरुले वैधानिक रुपमा पाउने गरी राज्यले नियमानुसार तोकिदिएको रकमले हुन आउने जम्मा रकम हो।

पत्रकारिता जस्तो राज्यको चौथो अंगको रुपमा सम्मानित र स्थापित पेशामा काम गर्ने जिम्मेवार पत्रकारहरुले सम्बन्धित संस्था,व्यक्ति वा शाखाको कुनै भर्सन वा प्रतिक्रिया नलिई काल्पनिक रुपमा कोभिडको समयमा सबै लकडाउनमा बसेको समयमा अनुगमन तथा भ्रमण भत्ता खाएको भनेर जनप्रतिनिधि र कर्मचारीहरुको नाम सहित समाचार संप्रेशित गरेर हामी सबैको मानमर्दन गर्नुको साथै सिङ्गो नगरपालिकाको समेत बदनाम गर्ने गराउने काम गरेको छ। यसबाट हामी अत्यन्तै दुखित छौं।

अझै अचम्म लाग्दो समाचार त के लेखिएको छ भने, कोभिडको समयमा कोरोनाको जोखिम मोलेर रातदिन नभनी काममा खटिएका स्वास्थ्य शाखाका कुनै पनि कर्मचारीहरुलाई भत्ता नदिएर घरमा बसेका जनप्रतिनिधि र कर्मचारीहरुलाई १ दिनको यति भत्ता, २ दिनको यति भत्ता बुझी नगरपालिकामा लुट गरेका छन्

भनेर नगरपालिकाको बदनाम गराउने, व्यक्तिको मानमर्दन गर्ने र राष्ट्रसेवक कर्मचारीहरु बीच अन्तरबिरोध सृजना गराउने नियत समेत हो कि भन्ने सो समाचारले संदेश प्रवाह गरेको छ ।

यस्ता एक प्रसंग र तथ्यलाई अर्कै तथ्य हो भनी फरक प्रसंगको सामाचार संप्रेशित गरी आम जनमानसलाई दिगभ्रमित बनाउने, व्यक्तिको चरित्र हत्या गर्ने र कोहलपुर नगरपालिकालाई बदनाम गर्ने, गराउने त्यस्ता समाचार प्रति सिङ्गो नगरपालिका परिवार खेद व्यक्त गर्दछ । अब उप्रान्त यस्ता भ्रामक, तथ्यहिन तथा तथ्यलाई बङ्ग्याएर वा तथ्यलाई फरक प्रसंगमा मोडेर समाचार प्रकाशित तथा प्रसारित नगरिदिनु हुन सबै पत्रकार ज्यूहरुमा आग्रह गर्दछौं । साथै केहि व्यक्तिहरुद्वारा सामाजिक संजालहरुमा बैठक भत्ता बुझेको भरपाइ समेत पोष्ट गरिएकोमा उक्त भरपाइ नियमानुसार पाइने बैठक भत्ता वापत भएको र मिति २०७६/०३/०८ देखि सो समेत भुक्तानी नलिने गरी निर्णय भएको व्यहोरा जानकारी गराउँछौ ।

अन्त्यमा, हामीबाट कही कतै कहिल्यै केही कमी कमजोरीहरु हुन पनि सक्छन्, किनभने हामी पनि यही समाजका मान्छे हौं । त्यस्ता कमी कमजोरीहरुलाई तथ्य, सत्य र स्वभाविक प्रसंग अनुसार सभ्य भाषामा स्वस्थ आलोचनात्मक समाचारहरुबाट शिक्षा लिने र सुध्रिने अवसरको रुपमा ग्रहण गर्न सधै तयार नै छौं । पत्रकार मित्रहरुले कोहलपुर नगरपालिकाले थुप्रै राम्रा र प्रसंशायोग्य काम पनि गरेको छ । त्यस प्रति पनि सकारात्मक संदेश प्रवाह गरिदिनु हुन सबै पत्रकार ज्यूहरुलाई अनुरोध समेत गर्दछौं । धन्यवाद ।

माधव रिजाल

प्रवक्ता

कोहलपुर नगरकार्यपालिका